नेपाल सरकार

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सिंहदरबार, काठमाडौं




# वार्षिक प्रगति प्रतिवेदन

## आ.व. २०७६/७७

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

वार्षिक प्रगति प्रतिवेदन

आ.व. २०७६/०७७

www.mopit.gov.np

नेपाल सरकार

मा. वसन्तकुमार नेम्बाङ्ग
मन्त्री
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरवार, काठमाण्डौ, नेपाल

निवास : ०१-४५२३९३३
कार्यालय: ०१-४२११६७०
फ्याक्स : ०१-४२११८८४
web : www.mopit.gov.np
Email : basanta_n@hotmail.com

पत्र संख्या :
चलानी नं. :

# शुभकामना

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयद्वारा आर्थिक वर्ष २०७६/७७ मा सम्पन्न भएका कार्यक्रमहरुको वार्षिक प्रगति प्रतिवेदनको रुपमा यो पुस्तिका प्रकाशन हुन लागेकोमा खुशी व्यक्त गर्न चाहन्छु।

राष्ट्रिय सडक तथा रेल यातायात जस्ता यातायात सेवाहरुलाई सुव्यवस्थित बनाउन यससँग सम्बन्धित भौतिक पूर्वाधारको विकास एवं विस्तार गर्नु पर्ने आवश्यकता छ। नेपाल जस्तो भूपरिवेष्टित एवं विविधतायुक्त भूगोल भएको मुलुकको सर्वाङ्गीण विकासको सम्भावना यसैमा रहेको हुँदा यो क्षेत्र सबै तहका व्यक्तित्वहरुको लागि मुख्य सरोकारको विषय हो । यससँग सम्बन्धित कार्यसम्पादनका क्रममा अनुभव गरिएका उतार-चढावले आगामी दिनका लागि पृष्ठपोषणको काम गर्दछ । यसै सन्दर्भमा वार्षिक रुपमा प्रगति प्रतिवेदन पुस्तिका प्रकाशन हुँदै आएको परम्परालाई यसवर्ष पनि निरन्तरता दिने प्रयास आफैंमा प्रशंसायोग्य हुनुको साथै आगामी दिनमा यथोचित विषयवस्तुलाई समेटेर थप परिष्कृत बनाउँदै सरोकारवालाका जिज्ञासापूर्तिमा अरु फलदायी हुनसकोस् भन्ने अपेक्षा राख्दछु ।यस प्रकाशनले यातायातसँग सरोकार राख्ने व्यक्ति, संस्था, विद्यार्थी, अध्ययन/अनुसन्धानकर्ता लगायत आम नागरिकमा आवश्यक सूचना प्रवाह गर्न सफल हुनेछ भन्ने मैले आशा लिएको छु ।

अन्त्यमा, बार्षिक प्रतिवेदन प्रकाशनको क्रममा प्रत्यक्ष अप्रत्यक्ष रुपमा योगदान पुर्याउनु हुने सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिंदै आगामी दिनमा समेत आफ्नो जिम्मेवारीलाई चुस्त-दुरुस्त ढङ्गले वहन गर्न राष्ट्रसेवकहरुमा थप ऊर्जा तथा उत्प्रेरणा मिलोस् र यस्ता प्रकाशनहरु आगामी दिनहरुमा थप परिमार्जित हुँदै सार्वभौम जनताको सुसूचित हुने नैसर्गिक अधिकारको प्रत्याभूति दिलाउन सकोस् भन्ने हार्दिक शुभकामना दिन चाहान्छु।

मा. बसन्त कुमार नेम्वाङ
मन्त्री
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

नेपाल सरकार

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

URL : www.mopit.gov.np
email:info@mopit.gov.np
फोन नं. ४२११८८०, ४२११९३१, ४२११६५५
फ्याक्स नं. ४२११७२०
सिंहदरवार, काठमाडौं,
नेपाल ।


पत्र संख्या:-

च. नं.:-

## शुभकामना

देशका विभिन्न भौगोलिक तथा आर्थिक क्षेत्रहरुलाई एक अर्कासँग आवद्ध गरी देशको आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा टेवा पुऱ्याउने सडक, पुल, रेल जस्ता पूर्वाधारको विकास र विस्तार गरी राष्ट्रिय यातायात प्रणालीको विकासमा अग्रसर रहँदै आफ्ना क्रियाकलाप सर्वसाधारण समक्ष प्रवाह गर्ने उद्देश्य अनुरुप भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदन आ.व.२०७६/७७ प्रकाशित हुन लागेकोमा मलाई खुसी लागेको छ ।

यस मन्त्रालयले सडक, रेल, पानीजहाज तथा यातायातको व्यवस्थापन र यसको पूर्वाधार विकासको क्षेत्रमा हासिल गरेको उपलब्धिहरु वारे आम नागरिक, सेवाग्राही एवं सरोकारवाला समेतलाई सुसूचित गराउन यो प्रगति प्रतिवेदन उपयोगी हुनेछ। जनताको सूचना पाउने हक समेतको प्रत्याभूति हुनेगरी यस मन्त्रालय र मातहतका निकायहरुले गरेको कार्यको जानकारी उपलब्ध गराई पारदर्शिताको माध्यमबाट सुशासन कायम गर्नमा योगदान पु-याउने प्रस्तुत प्रतिवेदनको उद्देश्य रहेको हुँदा यस प्रतिवेदनले देशभित्र र बाहिरका नागरिकहरु समक्ष आफ्ना क्रियाकलापहरुको अद्यावधिक जानकारी गर्न सफल हुनेछ ।यस मन्त्रालयको वेव पेजमा समेत यो प्रतिवेदन हेर्न सकिने व्यवस्थाले सूचना प्रवाह र पारदर्शिता कायम गर्न थप मद्धत पुग्नेछ भन्ने आशा राखेको छु ।

अन्त्यमा, मन्त्रालय अन्तर्गत सञ्चालन गरिएका आयोजनाहरुको सफल कार्यान्वयनमा संलग्न सबै विभाग एवं निकायहरुसँग सम्बद्ध कर्मचारीहरु तथा प्रस्तुत प्रतिवेदन तयार गर्ने र प्रकाशित गर्ने कार्यमा संलग्न अन्य सम्पूर्ण सहकर्मी कर्मचारीहरुलाई समेत धन्यवाद दिँदै आगामी समयमा पनि उत्प्रेरित र जागरुक भई सेवा पुऱ्याउन आग्रह गर्न चाहन्छु ।

देवेन्द्र कार्की
सचिव
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

# सम्पादकीय

सुशासन ऐन, २०६४ तथा सूचनाको हक सम्बन्धी ऐन, २०६४ अनुसार सार्वजनिक निकायको कामकारबाहीलाई अधिक उत्तरदायी, जिम्मेवार र पारदर्शी बनाउने क्रममा सार्वजनिक निकायबाट सम्पादित भए / गरेका कार्यहरुलाई सरल स्पष्ट र संगठित रुपमा जनसमक्ष ल्याउने प्रयास अनुरुप भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र मातहतका निकायहरुबाट आ.व. २०७६/०७७ को दौरानमा सम्पादित कार्यहरुको वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरी सरोकारवालाहरु समक्ष प्रस्तुत गरेका छौं ।

यस प्रतिवेदनमा मन्त्रालय र अन्तर्गतका सडक विभाग, रेल विभाग, यातायात व्यवस्था विभाग, नेपाल पानीजहाज कार्यालय समेतबाट यातायात सम्बन्धी महत्वपूर्ण पूर्वाधार निर्माण कार्य, मर्मत सम्भार तथा यातायात व्यवस्थापनका क्षेत्रमा आ.व. २०७६/०७७ मा भए/ गरेका कार्यहरुको प्रगति समावेश गरिएको छ । यसका अलावा मन्त्रालय र मातहत निकायको संक्षिप्त परिचय, मन्त्रालयबाट सुशासन कायम राख्न चालिएका कदमहरुको बारेमा समेत उल्लेख गरिएकाले सेवाग्राही तथा सरोकारवालाहरुलाई जानकारी हासिल हुनेछ भन्ने मन्त्रालय परिवारको अपेक्षा रहेको छ ।

प्रतिवेदन प्रकाशनको यस निरन्तरतामा समय सापेक्ष परिवर्तन र परिमार्जन गर्दै लैजाने यस मन्त्रालयको सोचलाई सरोकारवाला सबैको अमूल्य राय, सुझाव र सल्लाहले अझ सहयोग पुऱ्याउनेछ भन्ने हाम्रो विश्वास छ । अन्तमा यस प्रतिवेदनको प्रकाशनलाई प्रत्यक्ष अप्रत्यक्ष सहयोग प्रदान गर्नुहुने सबै कर्मचारी साथीहरु तथा अग्रज महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।


**सम्पादक मण्डल**



**संयोजक**
सरोज कुमार प्रधान
सह-सचिव



केदार प्रसाद नेपाल
सि.डि.ई.



नारायण प्रसाद मैनाली
उपसचिव



भुपेन्द्र बहादुर श्रेष्ठ
सि.डि.ई



राजेन्द्र प्रसाद पौडेल
शाखा अधिकृत



शोभा भण्डारी
समाजशास्त्री



पियुष चटौत
ईन्जिनियर



राजेन्द्र प्रसाद पन्त
नायब सुब्बा

सहयोगी
गोपालराज थापा (कम्प्यूटर अपरेटर)



यो प्रतिवेदन http://mopit.gov.np/ /year-book.html बाट Download गर्न सक्नुहुने छ।

राय, सुझाव र सल्लाहको लागि सम्पर्क ठेगाना
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**योजना, अनुगमन तथा मूल्यांकन महाशाखा**
www.mopit.gov.np

# विषयसूची


१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको परिचय
- १.१ पृष्ठभूमि
- १.२ दूरदृष्टि
- १.३ लक्ष्य
- १.४ उद्देश्य
- १.५ मुख्य मुख्य कार्यहरु
- १.६ कार्यक्षेत्र
- १.७ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतका विभागहरु

२. मन्त्रालयको सांगठनिक संरचना र कार्यविवरण
- २.१ प्रशासन महाशाखा
  - २.१.१ आन्तरिक व्यवस्थापन शाखा
  - २.१.२ कर्मचारी प्रशासन शाखा
  - २.१.३ आर्थिक प्रशासन शाखा
  - २.१.४ कानून तथा फैसला कार्यान्वियन शाखा
- २.२ योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा
  - २.२.१ अनुगमन तथा मूल्याङ्कन शाखा
  - २.२.२ योजना शाखा
  - २.२.३ वातावरण तथा सामाजिक शाखा
- २.३ पूर्वाधार निर्माण तथा यातायात महाशाखा
  - २.३.१ यातायात व्यवस्था शाखा
  - २.३.२ सडक तथा जल यातायात शाखा
  - २.३.३ रेलवे, रोपवे तथा केवलकार शाखा
- २.४ विकास सहायता समन्वय तथा गुणस्तर महाशाखा
  - २.४.१ विकास सहायता समन्वय तथा गुणस्तर शाखा
  - २.४.२ निर्माण व्यवसाय प्रवर्द्धन शाखा

३. मन्त्रालय अन्तर्गतका निकायहरुको संक्षिप्त परिचय
- ३.१ मन्त्रालय अन्तर्गतका निकायहरु
  - ३.१.१ सडक विभाग
  - ३.१.२ रेल विभाग
  - ३.१.३ यातायात व्यवस्था विभाग
  - ३.१.४ सडक बोर्ड नेपाल
  - ३.१.५ नेपाल पानीजहाज कार्यालय

४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र मातहतका निकायहरुको स्वीकृत दरवन्दी विवरण
- ४.१ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
- ४.२ सडक विभाग
- ४.३ रेल विभाग
- ४.४ यातायात व्यवस्था विभाग
- ४.५ नेपाल पानीजहाज कार्यालय
- ४.६ नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेड

४.७ नेपाल रेल्वे कम्पनी लिमिटेड

५. मन्त्रालय अन्तर्गतका निकायहरुबाट आ.व. २०७६/०७७ मा भएको वार्षिक प्रगति विवरण

५.१ सडक विभाग

५.२ रेल विभाग

५.३ यातायात व्यवस्था विभाग

५.४ नेपाल पानीजहाज कार्यालय

६. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतका राष्ट्रिय गौरवका आयोजनाहरुको संक्षिप्त प्रगति विवरण

अनुसूची- १ सडक विभाग अन्तर्गतका निकायहरु

१.१ संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय

१.२ गुणस्तार, अनुसान्धान तथा विकास केन्द्र

१.३ डिभिजनहरु

१.४ यान्त्रिक कार्यालयहरु

१.५ हेभि ईक्यूप्मेण्ट डिभिजनहरु

१.६ तालिम केन्द्रहरु

अनुसूची- २ यातायात व्यवस्था विभाग अन्तर्गतका निकायहरु

२.१ यातायात व्यवस्था कार्यालय

२.२ सवारी परीक्षण कार्यालय

२.३ यातायात व्यवस्था सेवा कार्यालय

अनुसूची- ३ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत कार्यरत कर्मचारीहरुको विवरण

अनुसूची- ४ मन्त्रालय अन्तर्गत निकायबाट गरिएका कार्यहरु एबं स्थलगत निरीक्षण भ्रमणका तस्विरहरु

| | |
|---|---|
| ADB | Asian Development Bank |
| BOT | Build Operate and Transfer |
| DPR | Detail Project Report |
| EIA | Environment Impact assessment |
| GEF | Global Environment Facility |
| GFP | Gender Focal Person |
| GIS | Geographical Information System |
| IEE | Initial Environment Examination |
| JICA | Japan International Corporation Agency |
| KSUTP | Kathmandu Sustainable Urban Transport Project |
| LRN | Local Road Network (स्थानीय सडक संजाल) |
| PIP | Priority Investment Plan |
| PWD | Public Work Directives/Department |
| ROW | Right of Way |
| RTO | Road Transport organization |
| SRN | Strategic Road Network (रणनैतिक सडक संजाल) |
| ToR | Terms of Reference |
| डि.स.का. | डिभिजन सडक कार्यालय |
| प्र.श. | प्रतिशत |

# १ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको परिचय

## १.१ पृष्ठभूमि

देशको आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा टेवा पुऱ्याउन विविध भौगोलिक क्षेत्र तथा आर्थिक क्षेत्रहरुलाई आर्थिक विकासका पूर्वाधार सडक, रेल तथा जल यातायातसँग आवद्ध गर्दै राष्ट्रिय यातायात प्रणालीको समुचित विकासगरी देशका ग्रामीण क्षेत्रहरुलाई बजारसँग आवद्धगरी आर्थिक कृयाकलापहरुको अभिवृद्धि गर्ने र देश भित्र संचालन हुने पर्यटन, कृषि, विद्युत आदि विभिन्न आर्थिक क्षेत्रसँग सम्बन्धित विविध कृयाकलाप र आयोजनाहरुमा टेवा पुऱ्याउनु भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको मुख्य कार्य हो।

## १.२ दूरदृष्टि

राष्ट्रिय एकीकरण, आर्थिक सामाजिक विकास, गरिबी निवारण र दिगो शान्तिको लागि पूर्वाधारको विकासमा योगदान पुग्ने गरी स्तरीय, भरपर्दो, सुलभ र सुरक्षित यातायात सञ्जाल विस्तार गर्ने।

## १.३ लक्ष्य

सडक, रेल, जलमार्ग जस्ता पूर्वाधारको विकास गरी राष्ट्रिय रणनैतिक यातायात सञ्जाल मार्फत देशका विभिन्न भौगोलिक तथा आर्थिक क्षेत्रहरुलाई एक अर्कासँग आबद्ध गरी मुलुकको आर्थिक एवं सामाजिक विकास अभिवृद्धि गर्नुका साथै देशका ग्रामीण क्षेत्रहरुलाई स्थानीय बजारहरुसँग आबद्ध गरी पर्यटन, कृषि, विद्युत, उद्योग लगायत विभिन्न आर्थिक क्षेत्रसँग सम्बन्धित कृयाकलाप एवं आयोजनाहरुलाई टेवा पुऱ्याउने।

## १.४ उद्देश्य

- देशका विभिन्न भौगोलिक तथा आर्थिक क्षेत्रहरुलाई परिपूरक हुने गरी विभिन्न मार्गहरुलाई एक अर्कोसँग आवद्ध गरी आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा टेवा पुऱ्याउन सडक, पुल, मूल बाटाहरु, र जलमार्गहरुको समष्टिगत विकास, विस्तार, प्रवर्द्धन गरी राष्ट्रिय यातायात प्रणालीको विकास गर्ने।
- देशका ग्रामीण क्षेत्रका गाउँहरुलाई बजारसँग आवद्ध गर्नुका साथै पर्यटन, कृषि, उद्योग, विद्युत आदि विभिन्न आर्थिक क्षेत्रसँग सम्बन्धित राष्ट्रिय महत्वका र अन्य आर्थिक क्षेत्रको विविध कृयाकलाप एवं आयोजनाहरुमा टेवा पुऱ्याई सन्तुलन कायम गर्ने।

## १.५ मुख्य मुख्य कार्यहरु

- स्थल, जल, रेल विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने गराउने।
- सडक (घोरेटो, गोरेटो, चक्लेटो बाटो बाहेक) तथा पुल (झोलुङ्गे पुल बाहेक) निर्माण, मर्मत संभार एवं संरक्षण सम्बन्धी काम गर्ने।
- विभिन्न स्थलमार्ग, जलमार्गहरुको निर्माण सम्बन्धी कार्य गर्ने।
- भौतिक पूर्वाधार क्षेत्रहरुका अन्तराष्ट्रिय वा क्षेत्रीय संघ संस्थाहरुसँग सम्पर्क र सहयोग सम्बन्धी कार्य गर्ने।
- स्थलमार्ग, जलमार्गको निर्माणसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघ संस्थाहरुको सम्पर्क सम्बन्धी कार्य गर्ने।
- नेपाल इन्जिनियरिङ सेवाको हाईवे उपसमूह, सम्बन्धी नियुक्ति, सरुवा, बढुवा, शुरु नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यता निर्धारण तथा विभागीय कारवाही आदि सम्बन्धी कार्य गर्ने।

## **१.६ कार्यक्षेत्रः**

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयलाई देहायका कार्यहरु गर्नेगरी कार्यक्षेत्र निर्धारण गरिएको छः

- राष्ट्रिय यातायात विकास र व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन;
- राष्ट्रिय यातायात पुर्वाधार सञ्चालन र अन्तरप्रादेशिक यातायात विकासको अन्तर सम्बन्ध;
- वातावरण, अपांगता र लैंगिकमैत्री तथा विपद जोखिम संवेदनशील यातायात प्रबिधिको प्रबर्धन
- राष्ट्रिय रेलमार्ग, शहरी मेट्रो रेल लगायत रेल प्रणाली, रेल सुरक्षा प्रणालीसम्बन्धी नीति, कानून र मापदण्ड;
- राष्ट्रिय तथा अन्तरदेशीय रेल सेवा सञ्चालन;
- रेलसेवा भाडादर तथा महसुल निर्धारणको मापदण्ड र नियमन;
- राष्ट्रिय लोकमार्ग सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन ;
- राष्ट्रिय लोकमार्ग अन्तर्गतका आयोजन पहिचान, अध्यन, निर्माण, मर्मत संभार, महसुल र व्यवस्थापन ;
- राष्ट्रिय लोकमार्गमा फ्रन्टल एक्सेस नियन्त्रण, शाखा सडकको पहुच बिन्दु र सडक सीमा क्षेत्रको व्यावस्थापन र नियमन ;
- राष्ट्रिय लोकमार्ग सम्बन्धी तथ्यांक संकलन, अभिलेखीकरण र सूचना प्रवाह ;
- सडक प्रबिधिको बिकाससम्बन्धी अध्यन र अनुसन्धान;
- सडक तथा अन्य बैकल्पिक यातायात प्रबिधि, लगानी र अन्तर्देशीय यात्रुबाहक यातायात सेवा सञ्चालन ;
- राष्ट्रिय लोकमार्गमा सञ्चालन हुने सार्बजनिक यातायातको रूट अनुमति, भाडा निर्धारण र नियमन ;
- सवारी साधनहरुको राष्ट्रिय मापदण्ड निर्धारण, नियन्त्रण तथा बिस्थापन ;
- सडक सुरक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, समन्वय र नियमन ;
- जलमार्ग लगायत बैकल्पिक यातायात सम्बन्धी नीति कानून र मापदण्ड ;
- राष्ट्रिय महत्वका वैकल्पिक यातायातका आयोजन पहिचान, अध्यन र बिकाश ;
- आधारभूत यातायात नीति र मापदण्ड ;
- मन्त्रालय सम्वन्धी राष्ट्रिय अन्तरराष्ट्रीय संघसंस्थासंग सन्धि, समझौता, अभिसन्धि, सम्पर्क र समन्वय ;
- मन्त्रालय सम्वन्धी सर्बजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन
- नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल इन्जीनियरिंग समुहको हाइवे र रेलवे उपसमूहको सञ्चालन

## १.७ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत विभागहरु र संख्या



# २. मन्त्रालयको सांगठनिक संरचना र कार्यविवरण

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा माननीय मन्त्रीज्यू र सचिवज्यूको सचिवालयहरु, ४ वटा महाशाखा तथा ११ वटा शाखाहरु छन । मन्त्रालयको संगठन निम्नानुसार प्रस्तुत गरिएको छ ।




**कुल दरवन्दी संख्या: ९४**

## २.यस मन्त्रालय अन्तर्गतका महाशाखा तथा शाखाहरुको मुख्य - मुख्य कार्यहरु निम्ननुसार छन् ।

### २.१ प्रशासन महाशाखा

१) मन्त्रालय तथा अन्तर्गत सबै निकायहरुमा काम सुचारु रुपले सञ्चालन गर्न संगठनात्मक स्वरुप तथा कार्य प्रक्रिया सम्बन्धी अध्ययन विश्लेषण गरी नीतिगतरुपमा राय पेश गरी स्वीकृत भई आए बमोजिमको व्यवस्था गर्ने ।

२) मन्त्रालय तथा अन्तर्गत कार्यालयहरुमा आवश्यक जनशक्तिको व्यवस्थाको क्रममा दरवन्दी सिर्जना, रिक्तपद पूर्ति सम्बन्धमा कार्य गरी पेश गर्ने ।

३) मन्त्रालयको प्रचलित ऐन, नियम, नीति, अध्ययन गरी संशोधन/परिमार्जन गर्नुपर्ने भएमा राय साथ पेश गर्ने।

४) मन्त्रालय र अन्तर्गत निकायहरुका कर्मचारीहरु, कर्मचारी प्रशासन सम्बन्धी पेश भएका फाइलहरुमा राय सहित सचिव समक्ष पेश गर्ने र निर्णयानुसार कार्यहरु सम्पादन गर्ने/ गराउने ।

५) मन्त्रालयको लागि बजेट माग गर्ने, केन्द्रीय तथा कार्य सञ्चालन स्तरको लेखा सञ्चालन र लेखा परीक्षणको व्यवस्था गर्न लगाउने ।

६) विभिन्न मन्त्रालय, विभाग तथा कार्यालयहरुबाट माग भएको परामर्शमा राय दिने वा आवश्यकता अनुसार राय सहित पेश गरी निर्णयानुसार जानकारी दिने व्यवस्था मिलाउने ।

७) मन्त्रालयलाई आवश्यक बजेट, भौतिक सामग्री र जनशक्तिको नियमित आपूर्तिको व्यवस्था मिलाउने ।

८) महाशाखा बीच समन्वय कायम गर्ने र शाखा / महाशाखाबाट भइरहेको कामहरुको समन्वय र सुपरीवेक्षण गर्ने/गराउने ।

९) अधिनस्थ कार्यको प्रगति विवरण तयार गराई आवश्यक निर्देशन दिने र सचिव समक्ष राय सहित पेश गर्ने।

१०) स्वदेशी तथा बिदेशी तालिम सम्बन्धी मनोनयनमा, छात्रबृति वितरण आदि पेश भएका विषयहरुमा प्रचलित ऐन, नियम, परिपत्र र कायम भएको नीति बमोजिम गर्ने / गराउने ।

११) बेरुजु फछ्र्यौट गतिविधि सम्बन्धमा रेखदेख गरी आवश्यक निर्देशन दिने ।

१२) तोकिए बमोजिमको रकमान्तर, खर्चको स्वीकृति, ठेक्कापट्टा सदर बदर, लिलाम-बिक्री र मिनाह सम्बन्धी कार्यहरु गर्ने ।

१३) स्टोर निरीक्षण गराउने र प्राप्त प्रतिवेदन अनुरुप आवश्यक कारवाही अगाडि बढाउने ।

१४) आफ्नो महाशाखा अन्तर्गतका विषयमा मन्त्रिपरिषद्मा पेश हुने प्रस्तावको मस्यौदा तयार गरी पेश गर्ने ।

१५) भौतिक सामग्री, भवन, सवारी साधन आदिको संरक्षण, मर्मत, संभार गरी यसको रेखदेख, नियन्त्रण र समन्वय समेत गर्ने ।

१६) अधिनस्थ कर्मचारीको काममा मार्गदर्शक भूमिका निर्वाह गरी कर्मचारीहरुको सुपरीवेक्षण र आवश्यकता अनुसार निर्देशन र नियन्त्रण समेत गर्ने ।

#### २.१.१ आन्तरिक व्यवस्थापन शाखा

१) कर्मचारीहरुको आन्तरिक खटन पटन र आन्तरिक व्यवस्थापन सम्बन्धी कार्यहरु गर्ने ।

२) मन्त्रालयको लागि आवश्यक परिवहन एवं सञ्चार संयन्त्रको व्यवस्थापन गर्ने ।

३) मन्त्रालयको लागि आवश्यक सवारी साधन, मेशिनरी औजार तथा जिन्सी सामानहरुको खरिद, भण्डारण, आपूर्ति, मर्मत, सम्भार, जिन्सी निरीक्षण तथा लिलाम बिक्रीको व्यवस्था गर्ने ।

४) मन्त्रालयको सुरक्षा तथा सरसफाईको प्रबन्ध गर्ने ।

५) मन्त्रालय र अन्तर्गत निकायबाट सञ्चालित आयोजनाहरुको लागि स्थायी र विकास तर्फको दरवन्दी सिर्जना तथा करारमा कर्मचारी भर्ना सम्बन्धी कार्य गर्ने ।

६) कर्मचारी बैठक आयोजना गर्ने र सोको निर्णय कार्यान्वियन गर्ने/गराउने ।

७) कर्मचारीहरुको पुरस्कार र दण्ड सम्बन्धी कार्य गर्ने/गराउने ।

८) उजुरी सम्बन्धी कार्यहरू गर्ने ।

९) सम्पत्ती विवरण सम्बन्धी कार्य गर्ने ।

१०) मन्त्रालयको सबै कर्मचारीहरु र यस मन्त्रालय अन्तर्गतका राजपत्राङकित अधिकृतहरुको कार्य सम्पादन मूल्याङकन सम्बन्धी कार्य गर्ने ।

११) मन्त्रालयको वेब पेज अद्यावधिक गरी system maintain गर्ने / गराउने ।

## २.१.२ कर्मचारी प्रशासन शाखा

१) मन्त्रालय वा अन्तर्गत कार्यालयहरुको आवश्यक जनशक्तिको संख्या निर्धारण गरी नपुग भएमा प्रकृया पूरा गरी निर्णय बमोजिम सम्बन्धित निकायहरुमा सहमतिको लागि लेखी पठाउने ।

२) नेपाल सरकारको निर्णय बमोजिम स्वीकृत दरबन्दीहरु निजामती किताबखानामा दर्ता गराउने ।

३) मन्त्रालय र अन्तर्गतका कार्यालयहरुमा रिक्त रहेको पद पूर्तिको लागि सम्बन्धित निकायमा माग गर्ने र पद पूर्तिको लागि नियमानुसार छनौट भई आएका कर्मचारीहरुलाई नियुक्ति, बढुवा तथा पदस्थापन गर्न कारवाही चलाई स्वीकृति भए बमोजिम गर्ने ।

४) मन्त्रालय अन्तर्गत कर्मचारीहरुको नियुक्ति, सरुवा, बढुवा, तालिम, पुरस्कार, राजिनामा वा अन्य कर्मचारी प्रशासन सम्बन्धी पेश भएका बिषयहरुको आधिकारिक राय सहित पेश गरी निर्णय बमोजिमको कार्य गर्ने/गराउने ।

५) आवश्यकता अनुसार विभागीय कारबाही सम्बन्धी कारबाही शुरु गर्ने र निर्णयानुसार कारबाही गर्ने वा सम्वन्धित निकायमा लेखी पठाउने ।

६) मन्त्रालय वा अन्तर्गतका पदाधिकारीहरुलाई निमित्त, कायम मुकायम, काज सम्बन्धी कारबाही गरी निर्णयानुसार सम्वन्धित निकायमा लेखी पठाउने ।

७) मन्त्रालयको राजपत्राङ्कित तथा राजपत्र अनङ्कित सम्पूर्ण कर्मचारीहरुको विवरण तथा दरबन्दी अभिलेख अद्यावधिक राख्ने ।

८) मन्त्रालयका कर्मचारी सरुवा भइ अन्यत्र गएमा व्यक्तिगत फाईल सम्वन्धित कार्यालयमा पठाउने ।

९) मन्त्रालय वा अन्तर्गत कार्यालयका कर्मचारीहरुको हाजिरी, गयल, बिदा रेकर्डको अभिलेख अद्यावधिक राख्न लगाउने ।

१०)अधिनस्थ कार्यको कार्य प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने ।

११)विदेशी छात्रवृत्ति र अध्ययन भ्रमणका लागि उम्मेदवार छनौट गर्न निर्णयार्थ पेश गर्ने ।

१२)विदेशमा अध्ययन वा तालिममा जाने, फर्कने व्यक्तिहरुको विवरणहरु दुरुस्त राख्ने, राख्न लगाउने ।

## २.१.३ आर्थिक प्रशासन शाखा

१) मन्त्रालय र अन्तर्गत निकायको वार्षिक बजेट तयार गरी पेश गर्ने ।

२) अख्तियारी बाँडफाँड सम्बन्धमा पेश गर्ने ।

३) स्वीकृत विनियोजन बमोजिम बजेट खर्चका लागि पेश गर्ने ।

४) धरौटी राजस्व सम्बन्धी विवरण अद्यावधिक राख्ने ।

५) केन्द्रीय लेखा तयार गर्ने ।

६) लेखा परीक्षण गराउने ।

७) मातहत निकायको आर्थिक प्रशासन सम्बन्धी कार्यको अनुगमन गर्ने ।

८) बेरुजुको अभिलेख राख्ने र बेरुजु फछ्र्यौट सम्बन्धी कार्य गर्ने ।

९) शाखासँग सम्बन्धित कार्यको प्रगति विवरण तयार गर्ने ।

## २.१.४ कानुन तथा फैसला कार्यान्यवन शाखा

१) ऐन, नियम, गठन आदेश, विनियमको मस्यौदा गर्ने, मस्यौदा परिमार्जन गर्ने र आवश्यक कार्यको लागि अघि बढाउने ।

२) विभिन्न विषयमा मन्त्रालय र अन्तर्गत विभाग, कार्यालयलाई आवश्यक कानुनी राय परामर्श दिने ।

३) मन्त्रालयको तर्फबाट लिखित जवाफको मस्यौदा एवं प्रतिउत्तर तयार गर्ने ।

४) कानुनी प्रतिरक्षाको कारवाही गर्ने ।

५) मन्त्रालयको तर्फबाट गरिने वार्ता, सम्झौता आदिमा सहभागी हुने, वार्ताका बुँदा तयार गर्ने, सम्झौताको मस्यौदा मरिमार्जन गर्ने ।

६) मन्त्रालयको तर्फबाट नेपाल राजपत्रमा प्रकाशन गरिने सूचनाहरुको मस्यौदा तयार गरी परिमार्जन सहित सम्पादनका लागि सम्बन्धित मन्त्रालयमा पठाउने ।

७) सम्पादित सूचनाहरु प्रकाशनका लागि मुद्रण विभागमा पठाउने ।

८) अदालतबाट भएका फैसला कार्यान्वयन सम्बन्धी कार्य गर्ने ।

## २.२ योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा

१) विकास आयोजना तर्जुमा, कार्यान्वियन, अनुगमन तथा मूल्याङकन सम्बन्धी कार्य गर्ने ।
२) विकास सम्बन्धी नीति तर्जुमा गर्ने ।
३) विकास आयोजनाहरुको प्रगति समीक्षा गर्ने ।
४) आयोजनाहरुको निरीक्षण गर्ने ।
५) क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।
६) वैदेशिक सहयोगबाट सञ्चालित आयोजना सम्बन्धमा गुणस्तर तथा वैदेशिक सहयोग महाशाखासँग समन्वय गर्ने ।
७) प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाउने ।
८) वातावरण संरक्षण, लैङ्गिक, सामाजिक समावेशीकरण र संघ संस्था सम्बन्धी कार्यको समन्वय गर्ने ।
९) मन्त्रालयको प्रवक्ता र सूचना अधिकारी सम्वन्धी काम गर्ने ।
१०)विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
११) आयोजना तर्जुमाको सिलसिलामा अन्य निकायहरुसँग समन्वय गर्ने।

### २.२.१ योजना शाखा

१) विकास सम्बन्धी नीति निर्धारण कार्यमा सहयोग गर्ने ।
२) विकास आयोजना तर्जुमा गर्न सघाउने ।
३) योजना स्वीकृतार्थ पेश गर्ने ।
४) क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने ।
५) योजनाको दुरुस्त अभिलेख राख्ने ।
६) विकास नीति तथा योजना तर्जुमाका सिलसिलामा अन्तर्गतका अन्य निकायहरुसँग समन्वय गर्ने।

### २.२.२ अनुगमन तथा मूल्याङ्कन शाखा

१) आयोजना कार्यन्वयनको निरीक्षण गर्ने ।
२) आयोजनाहरुको अनुगमन गर्ने ।
३) विकास आयोजनाहरुको प्रगति समीक्षा गर्न सहयोग गर्ने ।
४) मन्त्रालयको प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाउने ।
५) मन्त्रालयको प्रगति विवरण प्रकाशन गर्ने ।
६) सहायक सूचना अधिकारी तथा सहायक प्रवक्ता सम्वन्धी कार्य गर्ने ।
७) सुशासन तथा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

### २.२.३ वातावरण तथा सामाजिक शाखा

१) वातावरण संरक्षण सम्बन्धी नीति योजना तर्जुमा गर्ने ।
२) सामाजिक लैङ्गिक समावेशीकरण सम्बन्धी कार्यमा सहयोग गर्ने ।
३) वातावरण सम्बन्धी संघ संस्थाहरुसंग सम्पर्क र समन्वय गर्ने ।
४) वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्य गर्ने ।
५) प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी कार्य गर्ने ।
६) विपद् व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्ने ।
७) वातावरण संरक्षण/लैङगिक समावेशीकरण तथा विपद् व्यवस्थापन विषयमा अन्तर्गत तथा अन्य निकायहरुसँग समन्वय गर्ने।

## २.३ पूर्वाधार निर्माण तथा यातायात महाशाखा

१) स्थलमार्ग, जलमार्ग, रेलवे तथा यातायात व्यवस्था सम्बन्धी आयोजनाहरु सम्बन्धित निकाय तथा महाशाखाहरुसँग समन्वय गरी आयोजनाको निर्माणमा आवश्यक समन्वय गर्ने/गराउने ।
२) मन्त्रालय अन्तर्गत चालु रहेका विभिन्न आयोजनाहरुको प्राविधिक पक्ष र लगानीको प्रभावकारिता सम्बन्धमा तथा आयोजनाको समष्टिगत गुणस्तरबारे पृष्टपोषण लिई आवश्यक सुधारका लागि ठोस कदमहरु चाल्न राय परामर्श पेश गर्ने /गराउने ।

३) नेपाल ईन्जिनियरिङ परामर्श सेवा, नेशनल कन्स्ट्रक्शन कम्पनी तथा नेपाल मल्टीमोडल ट्रान्जीट र ट्रेड विकास समिति सम्बन्धमा आवश्यक समन्वय गर्ने गराउने ।

४) आवश्यकता अनुसार यस सम्बन्धी ऐन, नियम तथा नीति तर्जुमा तथा हेरफेर गर्नको लागि राय प्रतिक्रिया पेश गर्ने ।

५) नेपाल इन्जिनियरिङ काउन्सिल तथा नेपाल इन्जिनियर्स एशोशियसन सम्बन्धी सम्पर्क र समन्वय गर्ने ।

## २.३.१ यातायात व्यवस्था शाखा

१) यातायात सेवा तथा परिवहन व्यवस्थापन तथा सञ्चालन सम्बन्धमा नीति तथा योजना सम्बन्धी कार्यहरु गर्ने ।

२) यातायात व्यवस्था सम्बन्धी निकाय र संस्थाहरुसँगको सम्पर्क र समन्वय गर्ने ।

३) यातायात सेवा व्यवस्थापन सम्बन्धमा अनुगमन र निरीक्षण गर्ने ।

४) स्थलमार्गमा चल्ने सवारी साधनको अभिलेख व्यवस्थापन गर्ने ।

५) वातावरण मैत्री सवारी साधन सम्बन्धमा अध्ययन अनुसन्धान सम्बन्धी कार्य गर्ने।

६) सवारी प्रदूषण र प्राविधिक पक्षमा सुधार सम्बन्धी कार्य गर्ने ।

७) छिमेकी राष्ट्रहरुसँग यातायात सेवा सम्बन्धमा समन्वय गर्ने।

## २.३.२ सडक तथा जल यातायात शाखा

१) स्थलमार्ग, जलमार्ग र रेल निर्माण सम्बन्धी नीति निर्धारण, अनुगमन, अध्ययन, अनुसन्धानमा समन्वय गर्ने।

२) नेपाल ईन्जिनियरिङ परिषद् सम्बन्धी कार्य गर्ने ।

३) मल्टीमोडल ट्रान्जीट सम्बन्धित विषयमा माथिल्लो निकायसँग सहयोग लिइ कार्य सम्पादन गर्ने ।

## २.३.३ रेल्वे, रोपवे तथा केबल कार शाखा

४) रेलमार्ग निर्माण सम्बन्धी नीति निर्धारण, अनुगमन, अध्ययन, अनुसन्धान समन्वय गर्ने ।

५) रेलमार्ग सम्बन्धी निकाय र संस्थाहरुसँगको सम्पर्क र समन्वय गर्ने ।

६) आवश्यकता अनुसार रेलमार्ग निर्माण तथा सञ्चालन सम्बन्धी ऐन, नियम तर्जुमा तथा हेरफेर सम्बन्धी कार्य गर्ने ।

७) रेलमार्ग सम्बन्धी आयोजनाहरुको पहिचान सम्बन्धी कार्य गर्ने ।

८) रेल सञ्चालनको अनुगमन तथा नियमन गर्ने ।

## २.४ विकास सहायता समन्वय तथा गुणस्तर महाशाखा

१) वैदेशिक ऋण, अनुदान सहयोगबाट सञ्चालन हुने आयोजनाहरुको योजना तर्जुमा, संभाव्यता अध्ययन, तालिम तथा कार्यन्वयनका विभिन्न पक्षमा सम्बन्धित निकाय तथा महाशाखाहरुबाट राय परामर्श प्राप्त गर्ने, विदेशी प्रतिनिधिहरुसँग सम्पर्क तथा समन्वय गर्ने र सचिवज्यूमा राय पेश गर्ने र निर्देशानुसार MOU सम्वन्धी कार्य गर्ने तथा अन्य महाशाखा तथा वैदेशिक संस्थाहरुसँग समन्वय र पत्राचारगर्ने ।

२) विभिन्न चालु आयोजनाहरु तथा पूरा भइसकेका आयोजनाहरु समेतको तेस्रो पक्षीय परीक्षण (Third Party Audit) नियमित रुपमा गर्ने / गराउने र प्राविधिक पक्ष र लगानीको प्रभावकारिता पक्ष लगायत समष्टिगत गुणस्तर बारे पृष्टपोषण एवं सुधारका पक्षमा ठोस कदमहरु चाल्न राय परामर्श पेश गर्ने तथा निर्देशानुसार कारवाही अगाडि बढाउने ।

३) सार्वजनिक निर्माण निर्देशिका (Public Works Directive) तयार गर्ने र नियमित रुपमा प्रकाशन तथा वितरण गर्ने/गराउने ।

४) निर्माण व्यवसाय विकास परिषद् र कार्यान्वयन समिति सम्वन्धी काम गर्ने र निर्माण व्यवसायी विकास ऐन बमोजिमका कामहरु गर्ने/गराउने ।

५) मन्त्रालय अन्तर्गतका सार्वजनिक पूर्वाधार संरचनाहरुको निर्माण सञ्चालन तथा हस्तान्तरण (BOT) प्रक्रियामा निजी क्षेत्रलाई संलग्न गराउने सम्बन्धी सचिवालयहरुको स्थापना तथा सुदृढीकरण गर्ने, योजना पहिचान तथा अध्ययन गर्ने/गराउने र नेपाल सरकारको स्वीकृत नीति बमोजिमका काम कारवाही गर्न मन्त्रालयको Focal Point को रुपमा काम गर्ने । सार्वजनिक निर्माण कार्यको गुणस्तर तथा पुर्वाधार संरचना सम्बन्धमा आवश्यक अनुसन्धान गर्ने/गराउने तथा मापदण्ड निर्धारण सम्बन्धी कार्य गर्ने/गराउने ।

६) सार्वजनिक निजी साझेदारी तथा निजी लगानी सम्बन्धी कार्यहरु गर्ने/गराउने ।

७) वैदेशिक सहयोग तथा ऋणसँग सम्बन्धित सबै पक्षमा यस मन्त्रालयको नीति निर्देशन अनुसार अर्थ मन्त्रालयसँग सम्पर्क महाशाखाको हैसियतले कार्य गर्ने/गराउने ।

## २.४.१ गुणस्तर, सार्वजनिक निजी साझेदारी तथा वैदेशिक सहयोग शाखा

१) मन्त्रालय अन्तर्गत वैदेशिक सहयोगमा सञ्चालन हुने आयोजना सम्वन्धी नीति निर्धारण सम्बन्धी कार्य गर्ने।

२) वैदेशिक सहयोगमा सञ्चालन हुने आयोजनाहरुको पहिचान सम्बन्धी कार्य गर्ने ।

३) सार्वजनिक निजी लगानी सम्बन्धी नीति योजना सम्बन्धी कार्य गर्ने ।

४) निर्माण कार्यको गुणस्तर तथा मापदण्ड निर्धारण र अनुसन्धान गर्ने/ गराउने ।

## २.४.२ निर्माण व्यवसाय प्रवर्द्धन शाखा

१) निर्माण व्यवसाय इजाजतपत्र दर्ता सम्बन्धमा सम्बन्धित निकायमा पेश गर्ने ।

२) इजाजतपत्र नवीकरण सम्बन्धी कार्य गर्ने ।

३) इजाजतपत्रको अद्यावधिक लगत राख्ने ।

४) निर्माण व्यवसायी कोष सम्बन्धी कार्य गर्ने ।

५) निर्माण व्यवसाय प्रवर्द्धन तथा व्यवस्थापन समिति सम्वन्धी कार्य गर्ने ।

६) निर्माण व्यवसाय सम्बन्धी संघ संस्थासँग सम्पर्क एवं समन्वय गर्ने ।

# ३. मन्त्रालय अन्तर्गतका निकायहरुको संक्षिप्त परिचय

## ३.१ सडक विभाग

वि.सं. २००७ सालभन्दा अगाडि बाटोकाज गोश्वाराबाट सडकको एउटै मात्र लेन भएका ढुङ्गा छापेका भिमफेदी अमलेखगंज सडक, बुटवल भैरहवा सडक, राजधानी र तराईका केही शहरहरुमा ईट्टा र ढुङ्गाले छापेका सडक निर्माण तथा मर्मत कार्य गरिन्थ्यो | वि.सं. २०१४ सालमा सार्वजनिक निर्माण विभाग (Public Work Deplovement) स्थापना भयो | भारत सरकारको सहयोगमा काठमाडौँ-भैसे (भिमफेदी-अमलेखगञ्ज सडकमा पर्ने) सडक निर्माण गरी मोटरबाटो भारतसँग जोडियो | हेटौडा-नारायणगढ सडक वि.सं. २०१५ सालमा निर्माण गरी पूर्व-पश्चिम राजमार्गको मध्य भागमा यातायात सञ्चालन भयो |

उत्तर-दक्षिण व्यापारिक मूल बाटोलाई यातायात सञ्चालन गर्ने उद्देश्यले वि.सं. २०१४ सालमा Road Transport Organization (RTO) स्थापना गरियो | RTO योजना PWD अन्तर्गत नभई छुट्टै योजनाको रुपमा स्थापना भयो | उक्त योजना वि.सं. २०१८ सालमा बन्द गरियो |

वि.सं. २०१८ सालमा PWD द्वारा पूर्व-पश्चिम राजमार्ग निर्माण गर्ने कार्य तर्जुमा भई निर्माण कार्य शुरु भयो | वि.सं. २०२४ सालमा पहिलो दीर्घकालीन सडक योजना तर्जुमा अघि बढाईयो साथै वि.सं. २०२७ सालमा PWD बाट भवन विभाग छुट्टिएर सडक विभाग नामांकरण गरी नयाँ विभाग स्थापना भयो | सोही सालबाट राजमार्ग तथा सहायक राजमार्गको अवधारणा अनुरुप सडक निर्माण कार्य अघि बढाईयो | यसैसँगै सहायक राजमार्गहरुको निर्माण कार्य तीव्र रुपमा वि.सं. २०३८ सालबाट अघि बढाईयो |

वि.सं. २०५१ सालमा मुलुकभर रणनैतिक सडक सञ्जाल (Strategic Road Network-SRN) लाई १५ वटा राजमार्ग र ५१ वटा सहायक राजमार्गहरुमा विभाजन गरी सडक विभागबाट निर्माण/मर्मत सम्भार कार्य अगाडि बढाईयो | सोही समयदेखि विभिन्न दातृसंस्थाहरु- एशियाली विकास बैंक, विश्व बैंक र JICA को सहयोगमा सामरिक महत्वका सडकहरुलाई निर्माण/मर्मत सम्भार गर्ने कार्य अघि बढाईयो |

वि.सं. २०५३ साल देखि रणनैतिक सडक सञ्जाल (SRN) मा परेका सडकहरुलाई निर्माण/मर्मत सम्भारको प्रभावकारी रुपमा निरन्तरता दिन प्राथमिक लगानी योजना (PIP) तथा २० बर्षे सडक योजना तर्जुमा गरी कार्य आरम्भ गरियो | वि.सं. २०५८ साल देखि रणनैतिक सडकहरुलाई अझ प्रभावकारी एवं व्यवस्थित गर्न भौगोलिक सूचना प्रणाली (GIS) मा आवद्व गरियो | पूर्वाधार विकासका लागि सडक यातायातको महत्व अत्यन्त नै बढी भएको कुरा सडक विकासका लागि जनता र जनप्रतिनीधिहरुबाट भइरहेको मागबाट पनि स्पष्ट बुझ्न सकिन्छ ।

नवौं पञ्चवर्षीय योजनामा यातायात क्षेत्र, सडक उपक्षेत्रको मूल लक्ष्यको रुपमा **"कूल यातायात खर्च न्यूनतम राख्ने"** भन्ने निर्धारण गरिएको थियो । उक्त लक्ष्य प्राप्त गर्नका लागि सडक विभागले "देश भित्र तथा वाह्य क्षेत्र सँगको सम्पर्क वृद्धि गरी सडक पहुँच नपुगेका क्षेत्रमा पहुँच पुर्याउनुका साथै सडक यातायातलाई भरपर्दो, सुरक्षित र कम खर्चिलो बनाउन आवश्यक योजना तर्जुमा, निर्माण तथा संभार कार्यहरुको प्रभावकारी व्यवस्थापन गर्ने" उद्देश्य निर्धारण गरेको थियो । सडक विभागको रणनीति पत्र (The DoR Strategy 1995) मा नेपाल सरकारको सडक उपक्षेत्रको नीतिलाई व्यावहारिक रुपमा लागू गर्ने निकायको रुपमा सडक विभागका कार्यहरु निम्नानुसार परिभाषित गरिएको छ ।

- देशको यातायात सेवाको आवश्यकता पूरा गर्ने गरी सामारिक महत्वका सडक सञ्जाल (Strategic Road Network, SRN) को निर्माण गर्ने,
- निश्चित स्तरको सेवा प्रदान हुने गरी सडक सञ्जालको संभार गर्ने, र
- पैदल यात्रु लगायत सम्पूण सडक प्रयोगकर्तालाई सडक प्रयोगमा यथोचित सुरक्षा प्रदान गर्ने ।

## ३.२ रेल विभाग

नेपाल सरकारको २०६८।०३।०१ को मन्त्रिपरिषद्को निणर्यबाट, तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तरगत नेपाल राज्यमा रेल तथा मेट्रो यातायातको पहिचान, विकास, निर्माण, विस्तार, एवं सञ्चालनको लागि रेल विभागको स्थापना भएको हो । हाल रेल विभागबाट रेल्वे तथा मेट्रो विकास आयोजना, भारतीय सहयोगको रेल परियोजना, मेची महाकाली विद्युतीय रेलमार्ग, काठमाण्डौ मेट्रो आयोजनाहरुको अध्ययन एवम् सञ्चालन कार्य भैरहेका छन् । विभागको कार्यालय काठमाडौँको विशालनगरमा रहेको छ भने यस मातहतका कार्यालयहरु खुलेको अवस्था छैन ।

## ३.३ यातायात व्यवस्था विभाग

नेपालमा राजमार्गहरुको निर्माण भइ नसकेको तत्कालीन अवस्थामा अमलेखगन्ज, भैसे, भीमफेदी, चन्द्रागिरी हुँदै मानिसले बोकेर ल्याई वि.सं. १९९६ सालदेखि काठमाडौँ उपत्यकामा मोटर संचालनको सुरुवात भएको पाइन्छ । यातायातको विकासको क्रममा खास गरी त्रिभुवन राजपथको निर्माण पछि भएका सडकको विस्तारसँगै भाडाका सवारीको सञ्चालन व्यावसायिक रुपमा भएको पाइन्छ ।

भौगोलिक तथा आर्थिक कारणले पनि नेपालमा अन्य यातायात भन्दा सडक यातायातको महत्वपूर्ण भूमिका रहदै आएको छ । यातायात सेवा आधारभूत आवश्यकता बन्दै गएको सन्दर्भमा यातायात व्यवस्था व्यवस्थित गर्न बि.सं. २०१७/१८ सालदेखि भाडाका सवारीबाट इजाजत दस्तुर लिन सुरु गरियो । साथै सवारी ऐन २०२० जारी भइ तत्कालीन अञ्चलाधीश कार्यालयबाट रुट इजाजत दिने र सवारी दस्तुर लिने कार्य सुरु भएको पाइन्छ ।

सवारी तथा यातायातको कार्य व्यवस्थित रुपले सञ्चालन गर्ने सिलसिलामा राष्ट्रिय यातायात व्यवस्था ऐन, २०२६ बमोजिम २०४१ साल वैशाखमा निर्माण तथा यातायात मन्त्रालय अन्तर्गत यातायात व्यवस्था विभागको गठन भएको हो । ऐनको व्यवस्था अनुसार यातायात व्यवस्थापनको कार्य गर्ने जिम्मेवार निकायको रुपमा यो विभाग रहेको छ ।

सुरुमा विभागको गठनसँगै धौलागिरी र कर्णाली अञ्चल बाहेक १२ अँचलमा यातायात व्यवस्था कार्यालयहरु स्थापना भए । ती कार्यालयहरुले तत्कालीन स्थितिमा भाडाका सवारी साधनहरुलाई इजाजत दिने कार्य गर्थे । मिति २०४६/१/२८ को मन्त्रिपरिषदको निर्णयबाट प्रहरी कार्यालयबाट हुने गरेका सवारी साधन दर्ता, सवारी दर्ता प्रमाणपत्र नवीकरण, सवारी जाँचपास सम्बन्धी कामहरु यातायात व्यवस्था कार्यालयहरुलाई सुम्पिएको देखिन्छ ।

प्रचलित ऐन नियममा समसामयिक सुधार गरी लागु गर्ने सिलसिलामा सवारी तथा यातायात व्यवस्था ऐन २०४९ तथा नियमावली २०५४ जारी भएको छ । निर्माण तथा यातायात मन्त्रालय अन्तर्गत रही आएको यातायात व्यवस्था विभाग तथा यस अन्तर्गतका कार्यालयहरु बि.सं. २०५७ सालमा श्रम तथा यातायात व्यवस्था मन्त्रालयको स्थापनापछि यस अन्तर्गत सारियो ।

बि. सं. २०६० मार्ग १ गतेदेखि साविकमा प्रहरीले सँचालन गर्दै आएको सवारी चालक अनुमति पत्र सम्बन्धी कामहरु यातायात व्यवस्था कार्यालयहरुको जिम्मेवारीमा सारियो । बि. सं २०६९ जेष्ट ५ को निर्णय अनुसार यस विभाग भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत रहेको छ ।

## ३.४ सडक बोर्ड

सडक वोर्ड ऐन, २०५८ अन्तर्गत सडक बोर्ड नेपालको गठन २०५९/०९/१५ मा भएको हो । सडकको मर्मत संभार गराउने, सडकको मर्मत संभार गर्दा लाग्ने खर्चमा न्यूनीकरण गर्ने तथा सडकको मर्मत संभार कार्यलाई पारदर्शी एवं प्रभावकारी बनाउने उद्देश्यले यस बोर्डको स्थापना भएको हो । सडक बोर्ड नेपालको कार्यक्षेत्र भित्र सबै राष्ट्रिय राजमार्ग तथा सहायक राजमार्गहरु, कालोपत्रे भएका सबै सहरी तथा ग्रामीण सडकहरु, न्यूनतम सवारी चाप र स्तर भएका सबै खण्डास्मित ग्रामीण सडकहरु र न्यूनतम सवारी चाप र स्तर भएका सबै कच्ची ग्रामीण सडकहरु पर्दछन् । सडक वोर्ड नेपालले प्राथमिकता दिएका ३ प्रकारका सडकहरुको मर्मत गर्दछ । नियमित, पटके, आवधिक मर्मत, आकस्मिक मर्मत र पुनः स्थापना, पुननिर्माण, स्तर वृद्धि पर्दछन् । सडक मर्मतको लागि छुट्याइएको रकम सामरिक महत्वको सडक सञ्जालको लागि सडक विभाग र स्थानीय सडक संजालको हकमा स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग (Department of Local Infrastruture Development and Agraculture Road-DOLIDAR) को संयोजकत्वमा नगरपालिकाबाट कार्यक्रम सञ्चालन गरि सम्पन्न हुने गर्दछ । नेपाल सरकारबाट यस बोर्डलाई प्राप्त हुने रकम क्रमशः बृद्धि हुदै गएको छ ।

## ३.५ नेपाल पानीजहाज कार्यालय

मुलुकभित्र जलस्रोत उपयोगको अपार संभावना रहेको सन्दर्भमा जलयातायातको पहिचानले यातायात क्षेत्रको समग्र विकासमा एउटा नयाँ आयाम थपेको छ। यसले जल यातायातलाई अन्य यातायात सेवासँग परिपुरक हुने गरी विकास गर्नुपर्ने देखिन्छ। नेपालमा आन्तरिक तथा अन्तरदेशीय यातायात सञ्चालनमा जल यातायात दरिलो विकल्पको रुपमा विकास हुनसक्ने देखिन्छ। तेस्रो मुलुकहरुसँग गर्ने वैदेशिक व्यापारका लागि जल यातायात सञ्चालनको माध्यमबाट समुन्द्रसम्मको पहुँचमा सहजता आउने, नेपालमा दर्ता भएका व्यापारिक पानी जहाज समुन्द्रमा संचालन गर्दा नेपालमा आयात हुने र नेपालबाट निर्यात हुने सामानहरुको ढुवानी अझ सुरक्षित, सहज, भरपर्दो र व्यवस्थित हुन सक्ने र ढुवानी मूल्य घट्न जाने थप सम्भावनाहरु देखापरेका छन्। सुरक्षित, सहज, भरपर्दो र व्यवस्थित जल यातायातको संचालनले देशको प्रतिस्पर्धात्मक क्षमतामा बृद्धि हुने, व्यवसाय खर्चमा कमी आउने, रोजगारीमा बृद्धि हुने, आन्तरिक पर्यटनमा सघाउ पुग्नुका साथै कूल गार्हस्थ उत्पादनमा सकारात्मक योगदान पुग्न सक्ने देखिन्छ ।

सुरक्षित, सहज, भरपर्दो र व्यवस्थित जल यातायात संचालनको लागि नीतिगत व्यवस्था तथा अन्तरराष्ट्रिय महासन्धी, अभिसन्धी, सम्झौता तथा मापदण्ड अनुरुप जल यातायात संचालन हुने गरी आवश्यक कानून निर्माण गर्नु, पूर्वाधार निर्माणको लागि लगानी जुटाउनु, उपयुक्त संस्थागत संरचनाको विकास गर्नु, आवश्यक प्रविधि र जनशक्तिको उत्पादन तथा व्यवस्थापन गर्नु मुख्य चुनौतीका रुपमा रहेका छन्।

समुन्द्रमा नेपाली पानी जहाज संचालन गर्न अन्तरराष्ट्रिय महासन्धीले अधिकार प्रदत्त गरेको अवस्था विद्यमान रहनु, छिमेकी मुलुकहरुले आ-आफ्नो आन्तरिक जलमार्ग प्रवर्द्धन गर्न प्राथमिकताका साथ काम अगाडि बढाउनु, क्षेत्रीय स्तरमा जल यातायात संजाल कायम गर्न इच्छुक रहनु, कोशी, गण्डकी, कर्णाली लगायतका नदीहरुमा जल यातायात विकासको सम्भावना रहनु, नेपालको समुन्द्रसम्म पहुँचको लागि वैकल्पिक यातायात विकासको संभावनाकाको रुपमा रहनु, ठूला नदी प्रणालीमा बहु-उद्देश्यीय अग्ला बाँधको निर्माण राष्ट्रिय प्राथमिकतामा रहनु, पानी जहाज व्यवसाय संचालन गर्न नेपाली लगानी लगानीकर्ताहरु इच्छुक देखिनु, पर्यटकीय जलयात्राको उच्च सम्भावना रहनु प्रमुख अवसरहरु हुन्।

उल्लिखित परिप्रेक्षमा मन्त्रिपरिषद्को २०७५/०९/०९ को निर्णयानुसार यस नेपाल पानी जहाज कार्यालयको स्थापना भएको र सम्माननीय प्रधानमन्त्रीज्यूबाट यस कार्यालयको मिति २०७५/११/२ मा उद्घाटन भएको थियो ।

## ४.६ नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेड

कम्पनी ऐन, २०६३ अनुसार नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेड २०७६ साल असार २५ गते स्थापना भएको हो। यस कम्पनीको रजिष्ट्रर्ड कार्यालय काठमाण्डौ महानगरपालिका वडा नं. १० मा रहेको छ। सरकार, अर्धसरकारी र नीजि क्षेत्रबाट निर्माण हुने पूर्वाधारका आयोजनाहरुको सम्भाव्यता अध्ययन, वातावारणीय अध्ययन, प्लानिङ्ग, डिजाइन, निर्माण तथा संचालन सम्बन्धी व्यवसाय संचालनको आवश्यक पर्ने प्राविधिक तथा व्यवस्थापकीय दक्षता र क्षमतायुक्त व्यवसायिक राष्ट्रिय निर्माण कम्पनीको रुपमा विकास गर्न यस कम्पनीको मुख्य उद्देश्य रहेको छ। यस प्रकार सरकारी, अर्धसरकारी र नीजि क्षेत्रबाट निर्माण हुने पूर्वाधार संरचनाहरुको सम्भाव्यता र वातावरणीय अध्ययन, प्लानिङ्ग, डिजाइन, निर्माण तथा संचालन सम्बन्धी व्यवसाय संचालनको लागि प्राविधिक तथा व्यवस्थापकीय दक्षता र क्षमता सहितको व्यवसायिक राष्ट्रिय निर्माण कम्पनीको विकास गर्न एवं निर्माण व्यवसायीको एकाधिकार हटाउने उद्देश्यले स्थापना भएको छ।

## ४.७ नेपाल रेल्ले कम्पनी लिमिटेड

- नेपाल बाट काठ लैजाने उद्देश्यले East India Company बाट भारतको जयनगर देखि जनकपुर हुँदै महोत्तरी जिल्लाको बिजलपुरा सम्म सन् १९३७ अर्थात बि.सं १९९४ मा न्यारोगेज रेल्वे सेवा को निर्माण
- काठ ढुवानी कार्य समाप्त भएपछि बिस्तारै उक्त रेल्वे सेवाले यात्रु र सरसामान ढुवानीको कार्य सुरु गरेको र उक्त रेल्वे सेवा (नेपाल जनकपुर जयनगर रेल्वे) को नामबाट नेपाल सरकार Railway Department बाट संचालित थियो
- २०२१ सालमा नेपाल यातायात संस्थानको गठन भएपछि उक्त रेल्वे सेवालाई जनकपुर रेल्वेको नामबाट संस्थानको मातहतमा ल्याई संचालन हुँदै आएको थियो
- २०५८ सालमा नेपाल यातायात संस्थान विगठन भएपछि २०६१ सालमा सालमा नेपाल रेल्वे कम्पनी दर्ता भई रेल्वे सेवालाई कम्पनीको मातहतमा ल्याईएको थियो
- नेपाल रेल्वे कम्पनी लिमिटेड कम्पनीमा दर्ता हुँदा तत्कालिन श्रम तथा यातायात मन्त्रालय, अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, यातायात व्यवस्था विभाग, महालेखा नियन्त्रक कार्यालय, उद्योग विभाग र श्रम विभाग संस्थापक शेयर धनि रहेका थिए
- २०६८ सालमा रेल विभागको गठन र श्रम तथा यातायात मन्त्रालय बाट यातायात सम्बन्धि कार्यक्षेत्र भौतिक मन्त्रालयमा आएपछि श्रम तथा यातायात मन्त्रालयको नाममा रहेको शेयर भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा र यातायात व्यवस्था विभागको नाममा रहेको शेयर रेल विभाग मा परिणत गरिएकोले हाल कम्पनीको संस्थापक शेयर धनि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, उद्योग विभाग, रेल विभाग र श्रम तथा व्यवसाय जन्य सुरक्षा विभाग रहेका छन् , संचालक समितिमा साधारण सभा नभएसम्म संस्थापक शेयरधनीबाट प्रतिनिधित्व हुने र संचालक समितिले संचालक हरु मध्येबाट अध्यक्ष मनोनयन गर्ने व्यवस्था भएको छ
- मन्त्रिपरिषद्को मिति २०६८/०७/०८ को निर्णय बाट नेपाल रेल्वे कम्पनी र यसको जायज्येथा समेत लाई रेल विभागको मातहतमा ल्याउने निर्णय भएको थियो
